नेपाल सरकार
# चन्द्रागिरि नगरपालिका
बलम्बु, काठमाडौं

फोन नं. : ०१-४३१५७६६

प.सं. :- ०७३।०७४
च.नं. :- ६५५१

मिति : २०७३/१०/११

बिषयः कार्यविधि संशोधन सम्वन्धमा ।

श्री वडा कार्यालय (सवै)
चन्द्रागिरि नगरपालिका

प्रस्तुत विषयमा केन्द्रिय पञ्जीकरण विभागको च.नं. ४४७ मिति २०७३/१०/५ को पत्रानुसार नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७३/९/१३ को निर्णयानुसार **सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधिमा** भएको दोस्रो संशोधन कार्यान्वयन गर्नुहुन भनि लेखिआएकोले उक्त संशोधित कार्यविधि यसैसाथ संलग्न गरि पठाइएको छ ।

प्र. कार्यकारी अधिकृत

## सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ मा संशोधन प्रस्ताव

१. दफा ३ को (थ) को सट्टा देहाय बमोजिम (थ) कायम गर्ने :
(थ) बालबालिका भन्नाले ५ वर्ष ननाघेका नेपालभरका अनुसूची १ मा उल्लेखित दलित परिवार र कर्णाली क्षेत्रका हुम्ला, जुम्ला, मुगु, कालिकोट तथा डोल्पा एवम् मानव गरिवी सूचकांकमा पछि परेका अछाम, रौतहट तथा बझाङ जिल्लाका एक आमाबाट जन्मेका बढीमा दुई बालबालिकालाई जनाउछ । साथै नेपाल सरकारले निर्णय गरी बाल पोषण भत्ता अन्य जिल्लामा विस्तार गरेमा सो जिल्लाका एक आमाका बढीमा दुई बालबालिकालाई समेत जनाउछ ।

२. दफा ५ को (क) पछि देहाय बमोजिम प्रतिवन्धात्मक वाक्यांश थप गर्ने :
तर जेष्ठ नागरिकले आफ्नो उमेर पुग्ने मिति उल्लेख गरी अघिल्लो आ.व.मा नै तोकिएको म्याद भित्र दरखास्त दिनुपर्नेछ ।

३. दफा ५ को (घ) मा देहाय बमोजिम प्रतिवन्धात्मक वाक्यांश थप गर्ने :
तर अछाम, रौतहट तथा बझाङ जिल्लाको हकमा २०७३ पौष मसान्त भित्र रितपूर्वक दरखास्त परेका बालबालिकाहरुका लागि २०७३ माघ महिना देखिको भत्ता प्रदान गर्न सकिनेछ ।

४. दफा ८ को प्रतिवन्धात्मक वाक्यको "पाउने छैनन् ।" पछि देहायको वाक्य थप गर्ने :
"साथै कुनै बालबालिकाको आमा वा बाबु मध्ये कुनै एक सरकारी वा औपचारीक सेवामा कार्यरत भएमा वा कुनै व्यवसाय दर्ता गरी सञ्चालन गरिरहेको भएमा यो भत्ता प्राप्त हुने छैन । उपरोक्तानुसार सेवा वा व्यवसाय सञ्चालन गरे/नगरेको बारे निवेदक (आमा वा बाबु) ले स्वघोषणा गर्नुपर्नेछ ।

५. दफा १३ को (१) को (च) को सट्टा देहाय अनुसार (च) कायम गर्ने :
(च) बालबालिका रु.४००।-

६. अनुसूची ३(ग) को सट्टा संलग्न भए बमोजिम अनुसूची ३(ग) कायम गर्ने ।

७. दफा ३१ पछि देहाय बमोजिम दफा ३१ क थप गर्ने
३१ क. अनुसूचीमा हेरफेर : यस कार्यविधिको अनुसूची १ र २ बाहेक अन्य अनुसूचीहरु विभागले हेरफेर वा संशोधन गर्न सक्नेछ ।

अनुसूची ३-क

( दफा ६ को उपदफा ३ सँग सम्बन्धित )

नाम दर्ताको लागि दिने दरखास्तको ढाँचा

मिति : ....................

श्रीमान् अध्यक्ष/प्रमुखज्यू,
................ गा.वि.स/न.पा.को कार्यालय

**विषय : नाम दर्ता सम्बन्धमा ।**

महोदय,
उपरोक्त विषयमा सामाजिक सुरक्षा भत्ता पाउनका लागि नयाँ नाम दर्ता गरिदिनुहुन देहायका विवरण सहित यो दरखास्त पेश गरेको छु । म निवेदक ( नाम ..................................) को छोरा/छोरी ( नाम ..........................) सामाजिक सुरक्षा अर्न्तगत बालपोषण भत्ता पाउन योग्य भएको अनुरोध गर्दछु । हामी दम्पत्ती दुवै जना वा हामी मध्ये कुनै एक मात्र पनि कुनै सरकारी वा औपचारिक सेवामा कार्यरत छैनौं । साथै कुनै व्यवसाय दर्ता गरी सञ्चालन गरिरहेका पनि छैनौं । उल्लेखित विवरण साँचो हो , झुटा ठहरिए लिएको रकम फिर्ता गर्नुका साथै कानुन बमोजिम सजाय भोग्न तयार छु ।

**लक्षित समूह : ५ वर्ष ननाघेका बालबालिका**

**लाभग्राहीको विवरण**

नाम, थर :- लिङ्ग :-
बाबुको नाम :- आमाको नाम :-
ठेगाना :- जन्म मिति :-
जन्म दर्ता प्रमाणपत्र नं :- जारी गर्ने गा.वि.स/न.पा :- जिल्ला :-

**संरक्षक (निवेदक) को विवरण**

नाम, थर :- ठेगाना :-
बाबुको नाम :- बाजेको नाम :-
ना.प्र.नं :- जारी जिल्ला :-
लाभग्राही सँगको नाता :- निवेदकको दस्तखस्त :-
सम्पर्क मोबाईल नं. :-

**कार्यालय प्रयोजनको लागि**

नाम दर्ता निर्णय मिति :
भत्ताको किसिम :
परिचयपत्र नं. :
भत्ता पाउने सुरु मिति : आ.व.२०__/__ पहिलो/दोश्रो/तेश्रो चौमासिक देखि